काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : २२० ❐ शनिवार, ९ जेठ, २०८३ ❐ Saturday, 23 May 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

बजेटअघि सरकार फेरबदल नहुने संकेत

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ८ जेठ

कर्णाली प्रदेश सरकारको नेतृत्व परिवर्तनको विषय केही साताअघि निकै चर्चामा रह्यो । नेपाली कांग्रेसका सभापति गगन कुमार थापाले वीरेन्द्रनगरमा आयोजित पार्टीको प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रममा अब कर्णालीमा कांग्रेस नेतृत्वको सरकार बन्नुपर्ने सार्वजनिक अभिव्यक्ति दिएपछि प्रदेश राजनीति एकाएक तातिएको थियो । आलोपालो सहमतिअनुसार एमालेले सरकारको नेतृत्व छाड्नुपर्ने र कांग्रेसले मुख्यमन्त्री पाउनुपर्ने उनको भनाइ थियो । सभापति थापाले सरकार परिवर्तनका लागि कांग्रेस उपसभापति विश्वप्रकाश शर्मालाई एमाले नेतृत्वसँग छलफलको जिम्मेवारी दिइएको समेत बताएका थिए । त्यसको केही दिनपछि उपसभापति शर्मा एमाले अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न बालकोट पुगेपछि सरकार फेरबदलको चर्चा अझ चुलिएको थियो । राजनीतिक वृत्तमा कर्णालीमा चाँडै सत्ता समीकरण बदलिने अड्कलबाजी सुरु भएको थियो ।

तर, शीर्ष तहमा भएका छलफलपछि पनि सरकार परिवर्तनबारे कुनै स्पष्ट निष्कर्ष बाहिर आएको छैन । प्रदेशमा कांग्रेस कार्यकर्ता र सांसदहरू भने नेतृत्वले सार्वजनिक रूपमा सरकार परिवर्तनको कुरा उठाए पनि त्यसपछिको प्रगति जानकारी नदिएको भन्दै असन्तुष्ट देखिएका छन् । कांग्रेसका एक सांसदले प्रदेशमा आएर नेता-कार्यकर्तामाझ सरकार परिवर्तनको आश्वासन बाँडिए पनि काठमाडौं फर्किएपछि त्यसबारे कुनै जानकारी नदिइएको गुनासो गरे ।

कांग्रेस संसदीय दलका नेता जिवन बहादुर शाहीले भने अहिले सरकार परिवर्तनभन्दा आगामी आर्थिक वर्षको बजेट निर्माण प्राथमिकतामा रहेको बताएका छन् । उनका अनुसार अहिले नयाँ मन्त्री ल्याएर जिम्मेवारी फेरबदल गर्दा बजेट निर्माण प्रभावित हुन सक्छ ।

उनले चैतमै सरकार परिवर्तन गरिएको भए सहज हुने भए पनि अहिले सम्पूर्ण ध्यान बजेट निर्माणमै केन्द्रित गर्नुपर्ने बताए । शाहीले केन्द्रमा कांग्रेस र एमालेबीच प्रदेश सरकारका विषयमा समग्र छलफल चलिरहेको भन्दै कर्णालीको निर्णय पनि प्याकेजमै हुन सक्ने संकेत गरे । उनका अनुसार अहिले सबै प्रदेशमा कांग्रेस-एमाले सहकार्यमा सरकार सञ्चालन भइरहेकाले कर्णालीलाई मात्र अलग ढंगले हेर्न नमिल्ने अवस्था छ ।

हाल कर्णाली प्रदेशमा कांग्रेसको समर्थनमा एमालेका यामलाल कंडेल मुख्यमन्त्री छन् । एमाले प्रमुख सचेतक टेकराज पछाईंले पनि प्रदेशस्तरमा नेतृत्व परिवर्तनबारे कुनै औपचारिक छलफल नभएको बताए । उनका अनुसार मन्त्री हेरफेरको विषयमा भने दुवै दलबीच आन्तरिक छलफल भइरहेको छ । प्रदेश सांसदहरूबाट मन्त्री परिवर्तनको दबाब आएपछि केही मन्त्रालयमा फेरबदल हुन सक्ने चर्चा
छ । ४० सदस्यीय कर्णाली प्रदेशसभामा नेपाली कांग्रेसका १५ र नेकपा एमालेका १० प्रदेश सांसद रहेका छन् । दुवै दलको सहकार्यमा सरकार सञ्चालन भइरहे पनि आलोपालो नेतृत्वको विषय भने अझै निष्कर्षमा पुगेको
छैन ।

राष्ट्रिय औसतभन्दा दोब्बर बालविवाह दर कर्णालीमा

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ८ जेठ

कर्णाली प्रदेशमा बालविवाह न्यूनीकरण अझै चुनौतीपूर्ण बनेको तथ्यांकहरूले देखाएका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार १८ वर्ष नपुग्दै विवाह गर्नेको दर कर्णालीमा २१.१ प्रतिशत पुगेको छ, जुन राष्ट्रिय औसत १४.१ प्रतिशतभन्दा उल्लेख्य रूपमा बढी हो । प्रदेशको कुल जनसङ्ख्या १६ लाख ८८ हजारमध्ये करिब ४० प्रतिशत बालबालिका रहे पनि बालअधिकार संरक्षण र बालविवाह नियन्त्रणमा अपेक्षित सुधार हुन नसकेको सरोकारवालाले बताएका छन् ।



राष्ट्रिय मानवअधिकार आयोगद्वारा आयोजित 'बालविवाहले मानवअधिकारमा पार्ने प्रभाव' विषयक परामर्श कार्यक्रममा प्रदेशसभा सदस्यहरूले कर्णालीमा बालविवाह सामाजिक तथा मानवअधिकारको गम्भीर समस्याका रूपमा कायम रहेको स्वीकार गरेका हुन् । कार्यक्रममा कर्णाली प्रदेशसभाकी सभामुख नन्दा गुरुङले संविधानले बालबालिकालाई सुरक्षित, सम्मानित र अवसरयुक्त जीवनको अधिकार सुनिश्चित गरे पनि व्यवहारमा अझै धेरै चुनौती रहेको बताइन् ।

उनले बालविवाहले बालबालिकाको शिक्षा, स्वास्थ्य, आत्मनिर्णय र सम्मानपूर्वक बाँच्न पाउने अधिकारमाथि प्रत्यक्ष असर पारिरहेको उल्लेख गरिन् । बालविवाह बालबालिकाको भविष्यसँगै समग्र समाजको विकासमा बाधक बनेको छ, सभामुख गुरुङले भनिन् । विवाहको कानुनी उमेर २० वर्ष कायम गर्ने वा घटाउने विषयमा भइरहेका बहसबारे बोल्दै उनले गरिबी, अशिक्षा र लैंगिक विभेदजस्ता कारणको गहिरो अध्ययन आवश्यक रहेको धारणा राखिन् ।

प्रदेशसभाकी उपसभामुख यशोदा न्यौपानेले बालविवाह मानवअधिकारको गम्भीर उल्लंघन भएको बताइन् । उनका अनुसार कम उमेरमै विवाह हुँदा बालबालिकाको शिक्षा, स्वास्थ्य, स्वतन्त्र निर्णय क्षमता तथा सुरक्षित भविष्य प्रभावित हुने गरेको छ । किशोरकिशोरी शारीरिक, मानसिक र सामाजिक रूपमा सक्षम भएपछि मात्रै वैवाहिक जीवनमा प्रवेश गर्नुपर्छ, उनले भनिन् ।

राष्ट्रिय मानवअधिकार आयोगकी आयुक्त लिली थापाले आयोगले बालविवाहसम्बन्धी राष्ट्रिय जाँचबुझ अघि बढाइरहेको जानकारी दिइन् । मानवअधिकारकर्मी डा. अनिता घिमिरेले बालविवाह न्यूनीकरणका लागि कानुनी कार्यान्वयनसँगै शिक्षा, जनचेतना, महिला सशक्तीकरण र समुदायस्तरीय अभियान प्रभावकारी बनाउनुपर्नेमा जोड दिइन् ।

तथ्यांकअनुसार कर्णाली बालविवाह हुने प्रदेशमध्ये दोस्रो स्थानमा रहेको छ । विशेषगरी बालिकाहरू बढी प्रभावित छन् । प्रदेशमा २० वर्ष नपुग्दै विवाह गर्ने दर महिलामा ५५.६ प्रतिशत पुगेको छ भने पुरुषमा २९.२ प्रतिशत रहेको छ । १८ वर्षअघि विवाह गर्ने दर २०.१ प्रतिशत र २० वर्षअघि विवाह गर्ने दर ४३.६ प्रतिशत पुगेकाले सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने दिगो विकास लक्ष्य पूरा गर्न चुनौती थपिएको देखिन्छ । नेपाल बहुसूचकांक क्लस्टर सर्वेक्षण २०२४-२५ अनुसार २० देखि २४ वर्ष उमेर समूहका ४१ प्रतिशत महिलाले १८ वर्षअघि नै विवाह गरिसकेका छन्, जुन राष्ट्रिय औसतभन्दा धेरै हो । त्यस्तै नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण २०२२ ले कर्णालीमा उमेर नपुग्दै गर्भधारण गर्ने बालिकाको दर २१ प्रतिशत पुगेको देखाएको छ ।

सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले प्रदेश सरकारले बालविवाह न्यूनीकरणका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको
बताए । उनका अनुसार १६ स्थानीय तहका ५१ वडा बालविवाहमुक्त घोषणा भइसकेका छन् । 'बैंक खाता छोरीको सुरक्षा जीवनभरिको', 'एक विद्यालय एक स्वास्थ्यकर्मी' तथा डिजिटल शिक्षा कार्यक्रम सञ्चालनमा रहे पनि गरिबी, सामाजिक कुरीति, चेतनाको अभाव र लैंगिक विभेदका कारण चुनौती कायम रहेको उनले बताए ।

कर्णालीमा बालअधिकारका अन्य सूचक पनि कमजोर देखिएका छन् । प्रदेशमा अपाङ्गता भएका बालबालिकाको प्रतिशत १.९ रहेको छ, जुन देशकै सबैभन्दा बढी हो । बालमैत्री शासन प्रवर्द्धनमा समेत प्रगति सुस्त छ । ७९ स्थानीय तहमध्ये १३ स्थानीय तहका ३० वडा मात्रै बालमैत्री वडा घोषणा भएका छन् भने अहिलेसम्म एउटा पनि स्थानीय तह पूर्ण रूपमा बालमैत्री घोषणा हुन सकेको छैन ।

बालविवाह रोकथामका लागि सुर्खेत, दैलेख र कालीकोटमा बाल हेल्पलाइन १०९८ सञ्चालनमा छन् । गत आर्थिक वर्षमा ९९ बालविवाह रोकिएको तथ्यांक भए पनि प्रहरीमा जम्मा दुई वटा मात्रै उजुरी दर्ता हुनु कानुनी कार्यान्वयन कमजोर रहेको संकेतका रूपमा हेरिएको छ ।

सर्पको टोकाइबाट सुरक्षित हुन सावधानी अपनाऔं ।

- राति हिँड्दा टर्च/बत्तीको प्रयोग गरौं,
- झाडी, घाँस र ढुंगामुनि हात हाल्दा सावधानी अपनाऔं,
- घर वरिपरि सफा राखौं र सर्प बस्ने ठाउँ हटाऔं,
- खेतबारी वा बगैंचामा काम गर्दा जुत्ता र लामा कपडा लगाऔं,
- प्रभावित अंग कम चल्ने गरी स्थिर राखौं,
- सर्पले टोकेमा झारफुकमा नलागी तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जाऔं,
- अस्पतालमा सर्पदंश विरुद्धको उपचार उपलब्ध हुन्छ ।

समयमै उपचार भएमा सर्पदंश निको हुन्छ, ढिलाइ भएमा ज्यान जाने जोखिम बढ्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

स्वस्थ प्रदेश बनाउने अभियानमा गाउँ/शहर स्वस्थ बनाउन पैरवी

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ८ जेठ

स्वस्थ गाउँ/शहर सम्बन्धी स्थानीय तहमा पैरवी कार्यक्रम गरिएको छ । कर्णाली प्रदेश सरकारले स्वस्थ गाउँ शहर घोषणा गर्ने नीति लिएको छ । प्रदेश लाई स्वस्थ घोषणा गर्ने दीर्घकालीन लक्ष्य अनुरुप गुर्भाकोट नगरपालिकामा पैरवी कार्यक्रम सञ्चालन गरिएको हो ।

बढ्दो शहरीकरणका कारण बसाइँसराइ बढिरहेकाले शहरहरुलाई व्यवस्थित गर्नुपर्ने जिम्मेवारी सबैमा आएको सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले बताए । कार्यक्रममा बोल्दै उनले प्रदेश सरकारले लिएको नीति अनुरूपको शुभारम्भ कार्यक्रम गरिएको जानकारी दिए । पहिलो स्वस्थ शहरका रूपमा घोषणा गर्न गुर्भाकोट नगरपलिकालाई छनोट गरी पैरवी कार्यक्रम गरिएको बताए । यसका लागि नगरपलिका र प्रदेश सरकारको आगामी नीति तथा कार्यक्रम र बजेट निर्धारण गरिने बताए ।

नयाँ शहरको रूपमा विकसित हुँदै गरेको गुर्भाकोट नगरपालिकामा सरकारी प्राथमिकता रहेको बताए । प्राविधिक शिक्षा सञ्चालन गर्ने, शहरी विकासका पूर्वाधार निर्माण गर्ने, अस्पतालको प्राथमिकीकरण, खेलकुद पूर्वाधार निर्माण जस्ता कामहरु भएको बताए । यस्तै, नगरप्रमुख हस्त पुनले स्वस्थ शहर घोषित हुनका लागि पूर्वाधारहरू निर्माण गरिसकिएको दावी गरे । केबल सरकारी प्रतिवद्धता मात्र नभएर सबैको साझा प्रतिवद्धता आवश्यक हुने बताए । तोकिएका सुचकहरुलाई कार्यन्वयन गर्न सबै नगरवासीहरुमा आग्रह गरे । यसका लागि नगरपलिका अग्रसर हुने प्रतिवद्धता जनाए ।

शहरोन्मुख स्थानीय तहका पदाधिकारीहरुसँग स्वस्थ शहर अभियानका बारेमा छलफल गर्नुका साथै शहरी क्षेत्रमा देखिएका स्वास्थ्यका विभिन्न निर्धारक तत्वहरुका बारेमा छलफल गर्ने उद्देश्य रहेको स्वास्थ्य सेवा निर्देशक डा. रबिन खड्काले जानकारी दिए । उनका अनुसार शहरमा बसोबास गर्ने नागरिकहरुलाई प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउन सुनिश्चित गर्ने, स्वस्थ गाउँ/शहर निर्माणका लागि रणनीतिक मार्गदर्शन तयार गरी स्थानीय तहको प्रतिबद्दता लिने कार्यहरू समेत हुनेछन् ।

स्वस्थ गाउँ/शहर सम्बन्धी प्रदेश सरकारले बनाएको कार्यबिधि बमोजिम सूचक पूरा भएका गाउँ/शहरलाई स्वस्थ घोषणा गरिने जनाइएको छ ।

शनिवार

कथा

छोरीहरू किताब हुन्



✍ सरोज भट्टराई

न्यायाधीश मुसुक्क हाँस्नु भयो ।

भन्नुभयो- यो त अविश्वास भयो । तपाईंहरू एक आपसमा विश्वस्त हुनुहुँदो रहेनछ ।

बहस सुन्न बसेका धेरै सहभागी हाँसे । प्रवीणा हाँसेनन् ।

उनीहरू अर्थात् प्रवीणा नहाँसेपछि न्यायाधीशले सोध्नुभयो- "यदि मसँग रसरङ्गको चेतना हुँदैनथ्यो भने उहिल्यै आत्महत्या गरिसकेको हुन्थ्यें" यो भनाइ सुन्नुभएको छ, कसले भनेका हुन् ?

दुवैले टाउको हल्लाए-'थाह छैन ।'

'गान्धीजीले, महात्मा गान्धीले' न्यायाधीशले हाँस्दै भन्नुभयो- "हाँस्नुहोस् र आत्महत्याको भयङ्कर बाटो छाड्नुहोस् ।"

आत्महत्या अपराधमात्र होइन पाप पनि हो.....न्यायाधीशले बोल्न थालेपछि अधिकांश सहभागी छक्क परे- न्यायका कुरा गर्लान् भनेको त पाप र पुण्य ! धर्मका कुरा ।

प्रवीणा, खासमा उनीहरू प्रवीण र वीणा थिए । प्रेममा एउटा नयाँ अभ्यासस्वरूप प्रवीण र वीणा शब्दको सन्धिबाट उनीहरूले आफूलाई प्रवीणा बनाएका थिए । उनीहरूले अदालतको बयानमा आफ्नो नाम क्रमशः प्रवीण उर्फ प्रवीणा र वीणा उर्फ प्रवीणा बताउँदा धेरै सहभागी छक्क परेका थिए, कस्ता जिनिस आएछन् यहाँ !

न्यायाधीशले बयानको कारवाही अगाडि बढाउन आदेश दिए ।

प्रवीणले पहिला चारैतिर र पछि न्यायाधीशलाई एकोहोरो हेरेर भने- ' तिमीले मलाई जलाउन सक्दैनौ, त्यसैले मैले आफैंलाई समाप्त गर्रे' भनेर भगवानलाई चुनौती दिन मानिसले रोजेको बाटो हो आत्महत्या ।

"अँ यो भनाइ कहाँबाट लिनुभयो ?"

विल महेर (जन्म २० जनवरी १९५६), अमेरिकी कमेडियन । 'सेन्स अफ ह्युमर भएका मानिसले आत्महत्या गर्दैनथे भने यो संसारमा कसैले पनि आत्महत्या गर्दैनथे न्यायाधीश साप...' प्रवीणले सोधे, 'सेन्स अफ ह्युमर नभएका पनि मानिस हुन्छन् र ?'

बन्द ओठमाथि दुई औंला राखी आँखा चिम्लेका न्यायाधीशले थप भनाइ राख्न प्रवीणलाई सङ्केत गरेपछि प्रवीणले भने-

कलेस्ती बजारबाट दोभान र मादीको एकुवार हुँदै छाङ्रे बराहतलका ठूला ठूला ढुङ्गा र गल्छेडो पार गरी परेवा रहमाथि रहेको पहराको खोचमा पुग्यौं ।

साउने झरी एकनास थियो ।

"सबै सल लेऊ", मैले भनें । उनले दिइन् ।

मादीमा माछा मार्न सक्रिय लोग्ने मानिस र मादीले बगाएर ल्याएका दाउरा टिप्न आतुर दिदीबहिनी देखेर हामी रोमाञ्चित थियौं । लोग्ने मानिसले एउटा लँगौटी मात्र लगाएका थिए । महिलाले छाती र अधोअङ्ग मात्र ढाकेका थिए । आखिर नाङ्गो हुनु र नहुन पनि समयसापेक्ष सन्दर्भ रहेछ !

वीणातिर सङ्केत गर्दै प्रवीणले सम्झिए- उनका बाबाले कृष्णाष्टमीको दिन छोरीले पकाएको चिचिण्डोको तरकारी र भुजा खाने भन्नुभएको थियो रे....।

हाम्रो टाउकोमाथि केही परेवा उडेका थिए । केही घुरिरहेका थिए । केही प्रेमातुर देखिन्थे । केही चुच्चो चुच्चो जोडेर निश्चल थिए; शायद कसैले नसुन्ने गरी सल्लाह गर्दै थिए कि !

यसैबीच मैले चारैवटा सललाई एकएक गाँठो पारेर लामो बनाएँ ।

"पुग्छ होला ।" उनले भनिन् ।

"आऊ, अल्लि यता । मसँगै टाँसिएर बस ।" उनी र म छाती टाँसेर उभियौं ।

पहराबाट तप्तप पानी चुहिएको थियो । मादी सुसाइरहेको थियो, मानौं गीत गाएको थियो । त्यो पनि तीजका विरह लाग्दा गीत । चराहरू कराइरहेका, उडिरहेका थिए, यस्तो कि उनीहरू कोही गाइरहेका, कोही नाचिरहेका थिए ।

उनी र म टाँसिएपछि उनको छातीले मलाई घचेटेजस्तो, घोचेजस्तो भयो । कपाल, सिर्रर हावाले मेरो मुखमा ल्यायो मैले बिस्तारै उनको कपाल हटाएँ ।

म जान्न चाहन्थें- "उनलाई कस्तो अनुभव भइरहेको छ ?"

मैले उनलाई छातीमा टाँसिन आग्रह गर्दै सलले फनफन्ती हामीलाई बेर्रे, पटुका बाँधेजस्तै । हामी एकाकार भयौं । उनको र मेरो नाकनाक, मुखमुख, छातीछाती, नाभीनाभी र घुँडाघुँडा जोडिए । केही वर्षअघि जन्त जाँदा सुनेको-

प्राणस्ते प्राणान् सन्दिधामि
अस्थिमिस्ते अस्थानी सन्दिधामि
मांसस्ते मांसानी सन्दिधामि
त्वच्वा ते त्वच्वं सन्दिधामि ।

धार्मिक मन्त्रोच्चारणको याद आयो । शुरुमा मैले यसको अर्थ बुझेको थिइनँ । पछि शब्दको अर्थ मात्र नभएर यसको तात्पर्य, भावार्थ, व्यञ्जना वा बक्रोक्ति बुझें । मेरा पिताजीले बताइदिनुभएको थियो 'प्राणमा प्राण, हड्डीमा हड्डी, मासुमा मासु र छालामा छाला समाहित होस् । एकाकार होस्,एकीकृत होस् ।' हो हामी एकाकार हुन चाहन्थ्यौं ।

दुवैजना मिलेर गाँठो कस्यौं ।

"फुस्कँदैन होला है ?", उनले सोधिन् ।

"फुस्कँदैन । हामीले कसेको गाँठो अरूले फुस्काउन सक्ने कुरै भएन ! अब त हामीले पनि फुस्काउन सक्दैनौं", मैले भनें । त्यही विवाहमा यसरी नै कसिएको आँचल गाँठो देखेर म रोमाञ्चित थिएँ ।

उनको निधार र नाकबाट पानी चुहिएको थियो । मैले पुछिदिएँ ।

भुइँमा बस्न नमिलेपछि हामी छेवैको अग्लो ढुङ्गामा आढेस लिएर उभियौं । लडियो भने एकैचोटि मादीमा खसिने भीर छ तल ।

जीवनको यो खण्डमा आइपुग्दा मैले कहिल्यै सोचेको थिइनँ, यस्तो क्षण पनि आउने छ ।

प्रवीणले स्कुलका दिन सम्झिए-

स्कुलबाट साँझ घर फर्कंदा आमाले मलाई घाँसको भारीमाथि राखेर फर्कनुहुन्थ्यो । कहिले वीणाका बाबा लिन आउनुहुन्थ्यो र हामी दुवैलाई डोर्याउँदै घर ल्याउनुहुन्थ्यो । घरबाट लिन नआउँदासम्म हामी सिसमटार स्कुलको वरको फेदमा कहिले विवाह गरेको, कहिले लोग्नेस्वास्नी भएको, कहिले दुङ्गालाई छोराछोरी बनाएर सँगै सुतेको, कहिले मास्टर भएर पढाएको अभिनयमा खेल्थ्यौं । कतिपटक मैले उनको सर्टभित्र मेरो भोला राखिदिएको थिएँ, ताकि उनी आमा र म बा हुन खोजेको दृश्य देखियोस् कापीका पाना च्यातेर मैले उनको छातीमा स्तन बनाइदिन्थें उनले बच्चालाई त्यो चुसाउँथिन् । म बिरामी भएका बेला उनले मलाई औषधी खुवाउँथिन् । मैले पनि यस्तै गर्थें । उमेर बढ्दै गयो । पहिला जस्तो खेल्न नमिले पनि असाध्यै माया गर्थ्यौं एकअर्कालाई ।

प्रवीण रोकिएसँगै न्यायाधीशको सङ्केतपछि वीणाले पुराना घटना सुनाइन्-

आमालाई हेरेपले टोक्दा प्रवीणले मानिस खोजेर दमौली अस्पताल पुर्याउन सहयोग गरे । आमालाई कुरेर रातभरि हामी अस्पताल बसेका थियौं । हामी दुवैको टाउकोमा हात राखेर आमाले, "तिमीहरू सँधै सँगै रहनू", भन्नुभएको थियो तर हामी हार्ने अवस्था आयो । जित्ने कोसिसस्वरूप दुवैजना सलमा बाँधिएर बग्न चाहेका थियौं ।

यही हो सल... झोलाबाट झिक्दै प्रवीणले देखाए- "हामी एक सेकेण्ड पनि छुट्टिएर बाँच्न नसक्ने भएपछि यसरी एउटै बन्धनमा बाँधिएर मर्न चाहन्थ्यौं ।" हामी परेवा रहमा एकैपटक हामफाल्न र मर्न चाहन्थ्यौं । त्यसका निम्ति हामीले सलले बाँधिने निर्णय गर्यौं ।

हामीलाई कसैले पनि विवाहका लागि सोधपुछ गरेनन् । हामीले पनि हाम्रा कुरा घरपरिवारमा भन्न सकेनौं । जब कि समाज, घरपरिवार कोही पनि हाम्रा विरुद्ध थिएनन् ।

वीणाले थपिन्-

बरु कहिलेकाहीं मान्दा मानिसले जिस्क्याउँथे- "कहिले दिने त बिहेको निम्ता ?" र पनि हामीलाई, हाम्रो उमेर र हाम्रा जिज्ञासा कसैले पढेनन् मानौं हामी एउटा उपेक्षित पुस्तकमा रहेको एक थान कथा थियौं । र थियौं कथाका दुई थान अस्वीकृत पात्र । मसरहका सरला, विमला, विनु, चिनु र नन्दिका सबैको विवाह भइसकेको थियो ।

मेरो विवाहका बारेमा बाले चिन्ता गरेको सुनेकी थिएँ- "यो वर्षसम्मको सञ्चय कोष झिकेर भुइँचालोले भत्काएको घर बनाएँ, त्यसै वर्ष बर्खाले खेत बगायो, कच्ची घर भएकाले बैंकले धितो राख्न मानेनन्..... कसरी गर्ने छोरीको विवाह !?"

प्रवीणले भने-

"हो, सलले बाँधिने र सँगै बग्ने निर्णयपछाडि वीणाको धेरै दबाब थियो । उनी बाँच्न चाहन्थिन् ।"

प्रवीणलाई रोक्दै वीणाले भनिन्- "मेरो विवाहको कारण बाबा तनावमा हुनुहुन्थ्यो ।"

वीणा निःशब्द भएपछि प्रवीणले थपे-

हामी एउटै सलमा बाँधिएर बग्न चाहेका थियौं । आफूसँगै सपना बगाउन चाहेका थियौं । सलमा बाँधिएपछि उनी निःस्वास मेरो काँधमा चिउँडो अड्याएर उभिइन् । म पनि त्यसरी नै उभिएँ । मानौं हामी सजीव तर हावा नचलेका बखतका दुई वृक्ष थियौं ।

यसैबीच मैले भनेको याद छ- वीणा हामीले युगल आत्महत्याको अठोट गर्यौं र यज्ञ जित्यौं । मनसा, वाचा कर्मणा हामी सँगसँगै मरिसके । यो कुनै अनुष्ठानमा गरिएको भन्दा कम प्रतीज्ञा होइन । अठोट पनि आफैंमा यज्ञ हो ।

हामीसँग जीवन छ । जगत छ । हामीसँग यौनका अज्ञात उत्सुकता छन् । हामी यौनबाट यज्ञमा प्रवेश गर्न सक्नुपर्छ । मर्ने होइन ।

अहँ उनी मानिनन् ।

परेवा रहमा हामफाल्नुअघि मैले वीणालाई सकेसम्म च्यापें । उनले पनि मलाई त्यसै गरिन् ।

यस्तै अवस्थामा केही मानिसले हामीलाई पत्राउ गरे । पत्राउमा नपरेको भए हामी मादीमा हामफाल्न सक्थ्यौं । सार्वजनिक स्थलमा सामाजिक मर्यादा भङ्ग हुनेगरी यौनजन्य कसुर गर्यौं भन्ने अभियोगमा हामीलाई पत्रिएको रहेछ ।

"श्रीमान् ! प्रहरीको जाहेरीअनुसार सरकारी वकिल म आनन्द विवेक शर्मा घटनाका बारेमा केही बताउन चाहन्छु ।" रोष्टममा उभिएका एक व्यक्ति बोले- "प्रत्यक्षदर्शी बोटेहरूले देख्दा उनीहरू वस्त्रविहीन थिए । उनीहरूले सार्वजनिक स्थल पहरामुनि यस्तो अवस्थामा घन्टौं बिताएका थिए, सामाजिक मर्यादा विपरीत । पछि मात्र सलले बाँधिएका हुन् ।"

प्रवीणले सङ्केत गरेपछि न्यायाधीशले उनलाई बोल्ने समय दिए । न्यायाधीशतिर फर्कंदै प्रवीणले भने-

हामी कस्तो अवस्था, मुद्रा वा स्वरूपमा मेटियौं थाह छैन । हामी खुबै डराएका थियौं । कसरी बोल्यौं, हाम्रो अनुहार वा मनोदशा कस्तो थियो त्यो पनि हामीलाई थाह भएन तर हामीले ऊर्ध्व र अधो दुवै प्रकारका वस्त्र लगाएका थियौं । नाङ्गो हुनु, नहुनु देख्नु, नदेख्नु समयसापेक्ष बुझाइ रहेछ । मान्नुहोस्, हामी लाश भएका थियौं भने चितामा सुतेको कुन लाशले लाज मानेर आफूलाई छोप्न चाहन्छ ? आफ्ना अङ्ग लुकाउन चाहन्छ ? हामीले भन्दा कम लुगा लगाएर मादीमा जाल हान्ने वा दाउरा बटुल्ने एकले अर्कोलाई नाङ्गो देखेका थिएनन् शायद ।

लामो मौनतापछि वीणा भक्कानिइन् - "बाबालाई चिचिन्डोको तरकारी दिन पाइनँ ।" अश्रुपूर्ण उनी अवरुद्ध भइन् ।

वीणाको कुरा सुनेर बहस कक्ष स्तब्ध भयो ।

प्रहरी-प्रहरी हेराहेर । वकिलहरू हेराहेर । सहभागीमा चट्पटी र दिग्दारीको लामो सास । "अँ, वीणाका अभिभावकको डायरीको सङ्क्षेपीकरण प्रस्तुत गर्नुहोस्" न्यायाधीशले आदेश दिए । डायरीका केही लिखत हाइलाइट गरेर न्यायाधीशलाई देखाइयो

कविता

मौन विद्रोह चेतनाको अन्तर्मौन क्रान्ति



✍ नरेन्द्रनाथ भट्टराई

मलाई हेरिरहेका तिमीहरू
यो अनुहारको शान्त मुस्कानलाई केवल
सहजताको आवरण नठान ।
यस मुस्कानभित्र समयले बिस्तारै कोरेका अनगिन्ती रातहरू छन्
बोलेर पनि नबोलेका थकाइहरू
टुटेका विश्वासका अवशेषहरू
र अझै नाम नपाएका चर्याइरहेका
घाउहरू ।

मानिस बाहिरबाट पूर्ण देखिन्छ
तर भित्र ऊ आफ्नै प्रश्नहरूको भीडमा
निरन्तर अधुरो बाँचिरहेको हुन्छ ।
यो गिलासमा रक्सी होइन समय हो
आफ्नै तौलले पग्लिरहेको ।
उमेरसँगै मानिसले जीवन पिउँछ
अनुभवको तितोपन, गल्तीहरूको अर्थ
र आफूभित्रै हराउँदै गएको मौनताको स्वाद ।

मैले संसारलाई टाढाबाट हेर्न सिकें
भीड छ, तर साथ छैन ।
अनुहार छन्, तर स्पर्श छैन
शब्द छन्, तर अर्थ हराएको छ ।
मानिसहरू हिँडिरहेका छन्
तर धेरैजसो केवल उपस्थित छन् जीवित होइनन् ।

ऊ घर बनाउँछ, तर आफ्नै भित्रको स्थान साँघुरिन्छ ।
ऊ उज्यालो किन्छ, तर शान्ति बेच्दछ ।
ऊ सम्बन्धहरू जोड्छ, तर विश्वासहरू क्रमशः टुट्दै जान्छन् ।
अन्तत ऊ बुझ्छ गरिबी सम्पत्तिमा होइन
चेतनाभित्र गहिरो गरी लुकेको हुन्छ ।

म चुप छु भनेर मलाई कमजोर नठान
किनकि केही सत्यहरू आवाजभन्दा पहिले मौनतामा जन्मिन्छन् ।
आवाजले क्षण हल्लाउँछ, तर मौनताले समय बदल्छ ।

मैले मानिसलाई अनुहारले होइन, उसको एक्लोपनले चिन्न थालें ।
किनकि आजको संसारमा सबैभन्दा घना भीड त्यही आत्माभित्र हुन्छ
जो बाहिरबाट सबैभन्दा खाली देखिन्छ ।
मानिस मृत्युबाट डराउँछ, तर अझ गहिरो विडम्बना यो हो
ऊ धेरै समयदेखि साँच्चिकै बाँचेकै हुँदैन ।

किनकि बाँच्नु केवल सास होइन
अन्याय देख्दा भित्र कम्पन हुनु हो
कसैको पीडामा मन अस्थिर हुनु हो
र डर हुँदाहुँदै पनि सत्यको छेउमा उभिनु हो ।

प्रविधिले संसार जोड्यो, तर मानिसलाई आफैंबाट टाढा पुर्यायो ।
उसले हजारौं सम्बन्ध पायो, तर एउटा विश्वासिलो मौन गुमायो ।
अब सम्बन्ध छन्, तर गहिराइ छैन ।
शब्द छन्, तर आत्मा छैन ।
मैले धेरै सफल मानिसहरू देखें
जसले संसार जिते, तर आफूलाई हराए ।

त्यसपछि मैले दौडिन छोडें ।
किनकि मैले बुझें सबैभन्दा छिटो दौडनेहरू पनि
भित्रभित्रै आफूबाट भागिरहेका देखिन्छन् ।
अब म उपदेश दिइरहेको छैन, म केवल एउटा प्रश्न छोड्दै छु
यदि मानिससँग सबै छ, तर ऊ आफैंसँग छैन भने
यदि उज्यालो बढ्दै जाँदा आत्मा अँध्यारो हुँदै जान्छ भने
यदि सभ्यता बढ्दै जाँदा संवेदना घट्दै जान्छ भने
हामी वास्तवमा कहाँ पुगेका छौं ?

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

शाखा कार्यालय छिन्चु, सुर्खेत

(नेपाल राष्ट्र बैंकबाट घ वर्गको इजाजतपत्रप्राप्त संस्था)

ऋण कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने सार्वजनीक सूचना

यस ग्रामिण विकास लघुवित्त वित्तीय संस्था लि.बाट तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिएको ऋण कर्जाको साँवा, व्याजलगायतका अन्य रकमसमेत यस लघुवित्त वित्तीय संस्थासँगको शर्त कबुलियतबमोजिम समय-समयमा तिर्नु/बुझाउन पर्नेमा सो नतिरी नबुझाइ ऋण कर्जासम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक-पटक मौखिक तथा लिखित रूपमा तरताकेता गर्दासमेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस लघुवित्त वित्तीय संस्थाको सम्बन्धित कार्यालयमा सम्पर्क गरी यस संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नु होला । अन्यथा प्रचलित ऐन कानुन तथा यस लघुवित्त वित्तीय संस्थासँग गरेको लिखित बमोजिम धितोमा रहेको चल-अचल सम्पत्तिसमेत लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीय संस्थाको आफ्नो लेना रकम असुल उपर गरिनेछ । उक्त ऋण कर्जा चुक्ता गराउने जिम्मेवारी जमानीकर्ताको समेत रहेकोले कर्जा चुक्ता गराउन पहल गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै, उक्त चल-अचल सम्पत्ति तिलाम बिक्रीबाट समेत लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, यस लघुवित वित्तीय संस्थासँग गरेको लिखित तथा प्रचलित कानुनबमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तीबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरासमेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यै सूचनाद्वारा सूचित गरिन्छ ।

क्र.सं.	ऋणीको विवरण:	व्यक्तिगत जमानी कर्ता:	क्र.सं.	ऋणीको विवरण:	व्यक्तिगत जमानी कर्ता:
१	नाम : सकुल्तला दमाई लिङ्ग : महिला ना.प्र. नं :. २९२७१ जारी मिति र जिल्ला : २०५४/०१/१०, सुर्खेत स्थायी ठेगाना : भेरीगंगा-१०, मदानेचौर, सुर्खेत हालको ठेगाना : भेरीगंगा-१०, मदानेचौर, सुर्खेत पतिको : राजु दमाई ससुरा : हरिलाल सुनार	नाम : राजु दमाई लिङ्ग : पुरुष ना.प्र.नं. : ७१ जारी मिति र जिल्ला : २०४६/०९/०७, सुर्खेत स्थायी ठेगाना : भेरीगंगा-१०, मदानेचौर, सुर्खेत हालको ठेगाना : भेरीगंगा-१०, मदानेचौर, सुर्खेत पति : हरीलाल दमाई पिता : गजबिर दमाई	२	नाम : इन्द्रा कुमारी बि.क सुनार लिङ्ग : महिला ना.प्र.नं. : ६४१०३६/८४३६९ सुर्खेत जारी मिति र जिल्ला : २०६४/१०/०३, सुर्खेत स्थायी ठेगाना : भेरीगंगा-१०, मदानेचौर, सुर्खेत हालको ठेगाना : भेरीगंगा-१०, मदानेचौर, सुर्खेत पतिको : हिरालाल सुनार ससुरा : कुमार कामी	नाम : प्रतिक्षा सुनार लिङ्ग: महिना ना.प्र.नं. : ६४-०६-८०-०१३४६ जारी मिति र जिल्ला : २०८०/०८/०७, सुर्खेत स्थायी ठेगाना : भेरीगंगा-१०, मदानेचौर, सुर्खेत हालको ठेगाना : भेरीगंगा-१०, मदानेचौर, सुर्खेत बाबुको नाम : हिरालाल सुनार बाजेको नाम : कुमार कामी
३	नाम : पवित्रा कमारी बि.के. चन्दरा गौतम लिङ्ग : महिला ना.प्र.नं. : ४८७/५९४ जारी मिति र जिल्ला : २०४४/१२/२५, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट-०९ बोटेचौर सिमघाट सुर्खेत हालको ठेगाना : गुर्भाकोट-०९ बोटेचौर सिमघाट सुर्खेत पति/पत्नी : लोक बहादुर गौतम ससुरा : खड्ग बहादुर गौतम - बाजे/बुबा : देविराम चन्दरा	नाम : लोक बहादुर गौतम लिङ्ग : पुरुष ना.प्र.नं. : ४३२६८/१९९९ जारी मिति र जिल्ला : २०५८/०३/०७, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट-०९ बोटेचौर सिमघाट सुर्खेत हालको ठेगाना : गुर्भाकोट-०९ बोटेचौर सिमघाट सुर्खेत पति/पत्नी : पवित्रा कमारी बि.के चन्दरा गौतम	४	नाम : कविता सुनार लिङ्ग : महिला ना.प्र.नं. ६४-०१-७४-००२३३ जारी मिति र जिल्ला : २०७४/०१/१४, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट -१२, तिन पिप्ले सुर्खेत हालको ठेगाना : गुर्भाकोट -१२, तिन पिप्ले सुर्खेत पति/पत्नी : सोमराज सुनार ससुरा : अर्जुन सुनार - बाजे/बुबा : भुपेन्द्र बहादुर वलि	नाम : गिता छन्त्याल लिङ्ग: महिला ना.प्र.नं. : ५०३०५२/१२९ जारी मिति र २०७०/०१/२४ ,बागलुङ्ग स्थायी ठेगाना : गुर्भाकोट -१२, तिन पिप्ले सुर्खेत हालको ठेगाना : गुर्भाकोट -१२, तिन पिप्ले सुर्खेत ससुरा : अर्जुन सुनार बाजे/बुबा : टेक प्रसाद छन्तयाल
५	नाम : झरना कुमारी शाही लिङ्ग : महिला ना.प्र.नं. ६४-०१-७८-०००४३ जारी मिति र जिल्ल ा: २०७८/०१/०५, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट-१४, भिमपुर सुर्खेत हालको ठेगाना : गुर्भाकोट-१४, भिमपुर सुर्खेत पति/पत्नी : प्रसान्त बुढा ससुरा : सस बहादुर बुढा बाजे/बुबा : गोरक बहादुर शाही	नाम : प्रशान्त बुढा लिङ्ग : पुरुष ना.प्र.नं. : ६४-०१-७३-०६८७९ जारी मिति र जिल्ला : २०७३/११/२७, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट-१४, भिमपुर सुर्खेत हालको ठेगाना : भेरीगगा गुर्भाकोट-१४, भिमपुर सुर्खेत बाबुको नाम : सस बहादुर बुढा बाजे :	६	नाम : अनुपा शाही लिङ्ग : महिला ना.प्र.नं. : ७१७६५/१६३२ जारी मिति र जिल्ला : २०३२/०२/१६, सुर्खेत स्थायी ठेगाना : भेरीगंगा-०९, जहरे सुर्खेत हालको ठेगाना: भेरीगंगा-०९, जहरे सुर्खेत पति/पत्नी : बखत बहादुर शाही ससुरा : दलू शाही बाजे-बुबा : बहादुर मल्ल	नाम : कमला शाही लिङ्ग: महिला ना.प्र.नं. : २/२३२९८ जारी मिति र जिल्ला: २०५२/०२/०४, सुर्खेत स्थायी ठेगाना : भेरीगंगा-११, रामघाट सुर्खेत हालको ठेगाना : भेरीगंगा-११, रामघाट सुर्खेत पति/पत्नी : सुरज बहादुर शाही ससुरा : बखत बहादुर शाही बाजे-बुबा : सेतु सिंह ठकुरी
७	नाम : मन कुमारी सुनार लिङ्ग : महिला ना.प्र.नं. : ६३८३७ जारी मिति र जिल्ला : २०६०/०७/१८, सुर्खेत स्थायी ठेगाना : भेरीगंगा-०९, जहरे सुर्खेत हालको ठेगाना : कोहोलपुर , न्यु रोड बाकँ पति/पत्नी : आसविर सुनार ससुरा: बाजे-बुबा : शंके शुनार	नाम : पुर्णकला सुनार लिङ्ग: महिला ना.प्र.नं. : ६४-०१-७१-०४३०६ जारी मिति र जिल्ला : २०७१/०८/०५ , सुर्खेत स्थायी ठेगाना: गुमी-९, सुर्खेत हालको ठेगाना: गुमी-९, सुर्खेत पति : टोप वहादुर सुनार ससुरा: प्रेम वहादुर सुनार बुबा : धने सुनार	८	नाम : तिर्था राना (बुढा मगर) लिङ्ग : महिला ना.प्र.नं. ६४-०१-७१-००८७० जारी मिति र जिल्ला : २०७१/०२/१९, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट-१३,भिमपुर डाडाँ सुर्खेत हालको ठेगाना : गुर्भाकोट-१३, शिवनगर सुर्खेत पति/पत्नी : सुनिल बुढा मगर ससुरा : सस बहादुर बुढा बाजे-बुबा : दिल बहादुर राना	नाम : सस बहादुर बुढा लिङ्ग: पुरुष ना.प्र.नं. : ११०६ जारी मिति र जिल्ला: २०४४/११/०३ , सुर्खेत स्थायी ठेगाना: गुर्भाकोट-१३,भिमपुर डाडाँ सुर्खेत हालको ठेगाना: गुर्भाकोट-१३,भिमपुर डाडाँ सुर्खेत पत्नी : कस्तुरा बुढा ससुरा: देव नारायण गिरी बुबा : खड्क बहादुर बुढा
९	नाम : ज्योती कामी लिङ्ग : महिला ना.प्र.नं. ६४१०२१/१०४११३ जारी मिति र जिल्ला : २०७१/०२/१९,, सुर्खेत स्थायी ठेगाना : भेरीगंगा-१२, छिन्चु सुर्खेत हालको ठेगाना : इन्डिया पति/पत्नी : बिरमान कामी ससुरा : खड्क बहादुर कामी बाजे-बुबा : प्रेम बहादुर कामी	नाम : करुणा श्रीपाली (सुनार) लिङ्ग: महिला ना.प्र.नं. : २७१०६०/१३१५५५ जारी मिति र जिल्ला : २०७१/०३/२४, काठमाडौँ स्थायी ठेगाना: भेरीगंगा-१० सुर्खेत हालको ठेगाना : भेरीगंगा-१०, सुर्खेत पति/पत्नी : प्रदिप सुनार ससुरा : मनिराम बि.क. बाजे-बुबा : प्रेम वहादुर कामी	१०	नाम : सुन्दर रोकाय लिङ्ग : पुरुष ना.प्र.नं. : ६१८२५/१२३८ जारी मिति र जिल्ला : २०६०/०२/१८ , सुर्खेत स्थायी ठेगाना : भेरीगंगा-१२, छिन्चु सुर्खेत हालको ठेगाना : कोरीया पत्नी : मिना मल्ल ससुरा : मान वहादुर मल्ल बुबा : गोपाल रोकाय	नाम : मिना मल्ल लिङ्ग : महिला ना.प्र.नं. : ६२७९२/४०९ जारी मिति र जिल्ला : २०६०/०५/०८, सुर्खेत स्थायी ठेगाना : भेरीगंगा-१२ छिन्चु सुर्खेत हालको ठेगाना : नेपालगंज, कारकादो पति : सुन्दर रोकाय ससुरा : गोपाल रोकाय बुबा : मान वहादुर मल्ल
११	नाम : मिना मल्ल लिङ्ग : महिला ना.प्र.नं.: ६२७९२/४०९ जारी मिति र जिल्ला : २०६०/०५/०८, सुर्खेत स्थायी ठेगाना : भेरीगंगा-१२, छिन्चु सुर्खेत हालको ठेगाना : नेपालगंज, कारकादो पति : सुन्दर रोकाय ससुरा : गोपाल रोकाय बाबु : मान वहादुर मल्ल	नाम : सुन्दर रोकाय लिङ्ग : पुरुष ना.प्र.नं. : ६१८२५/१२३८ जारी मिति र जिल्ला : २०६०/०२/१८, सुर्खेत स्थायी ठेगाना : भेरीगंगा-१२ छिन्चु सुर्खेत हालको ठेगाना : कोरीया पत्नी : मिना मल्ल बाबु : गोपाल रोकाय बाजे :	१२	नाम : टेकमाया राना लिङ्ग : महिला ना.प्र.नं. : ६४१०३७/१०४००७ जारी मिति र जिल्ला : २०६८/०१/०६, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट-१३, भक्तपुर, सुर्खेत हालको ठेगाना : गुर्भाकोट-१३, भक्तपुर सुर्खेत पतिको नाम : जित बहादुर राना ससुरा : मन बहादुर राना बाजे-बुबा : चन्द्रवहादुर पुन	नाम : जित बहादुर राना लिङ्ग: पुरुष ना.प्र.नं. : जारी मिति र जिल्ला: ,सुर्खेत स्थायी ठेगाना: गुर्भाकोट-१३, भक्तपुर सुर्खेत हालको ठेगाना: गुर्भाकोट-१३, भक्तपुर सुर्खेत बाबुको नाम : मन बहादुर राना ससुराको नाम : बाजे-बुबा :
१३	नाम : ममता बि.क लिङ्ग : महिला ना.प्र.नं. : ६४-०१-७१-०११०२ जारी मिति र जिल्ला : २०७१/०३/०१ , सुर्खेत स्थायी ठेगाना : भेरीगंगा-२ सिस्नरी सुर्खेत हालको ठेगाना : बाङ्गेसिमल सुर्खेत पतिको नाम : सुरेन्द्र बि.क ससुरा : मान वहादुर कामी बुबा : बिरे कामी	नाम : सुरेन्द्र बि.क लिङ्ग: : पुरुष ना.प्र.नं. : ६४१०२१/११४२४३ जारी मिति मिति र जिल्ला : २०६९/०४/१४, सुर्खेत स्थायी ठेगाना : भेरीगंगा २ सिस्नरी सुर्खेत हालको ठेगाना : गुर्भाकोट बाङ्गेसिमल सुर्खेत बाबुको नाम : मान बहादुर कामी ससुरा: नाम बिरे कामी बाजे-बुबा : बेलाराम कामी	१४	नाम : नन्दकला कामी लिङ्ग : महिला ना.प्र.नं.: ६४३९७०८ जारी मिति र जिल्ला : २०७१/०३/०१, सुर्खेत स्थायी ठेगाना : भेरीगंगा-२ सिस्नरी सुर्खेत हालको ठेगाना: बाङ्गेसिमल सुर्खेत पतिको नाम : मान बहादुर कामी ससुरा : बेलाराम कामी बुबा : दल वहादुर सुनार	नाम : सुरेन्द्र बि.क लिङ्ग: पुरुष ना.प्र.नं. : ६४१०२१/११४२४३ जारी मिति र जिल्ला : २०६९/०४/१४, सुर्खेत स्थायी ठेगाना : भेरीगंगा-२ सिस्नरी सुर्खेत हालको ठेगाना : गुर्भाकोट बाङ्गेसिमल सुर्खेत बाबुको नाम : मान बहादुर कामी ससुरा: नाम : बिरे कामी बाजे-बुबा : बेलाराम कामी
१५	नाम : संध्या बि.क. लिङ्ग : महिला ना.प्र.नं.: ६४१०२१/११०२०८ जारी मिति र जिल्ला: २०६८/०९/०१ , सुर्खेत स्थायी ठेगाना : भेरीगंगा-२ सिस्नरी, सुर्खेत हालको ठेगाना : बाङ्गेसिमल, सुर्खेत पतिको नाम : मान बहादुर कामी ससुरा : बेलाराम कामी बुबा : दल बहादुर सुनार	नाम : सुरेन्द्र बि.क लिङ्ग : पुरुष ना.प्र.नं. : ६४१०२१/११४२४३ जारी मिति र जिल्ला : २०६९/०४/१४, सुर्खेत स्थायी ठेगाना : भेरीगंगा-२ सिस्नरी सुर्खेत हालको ठेगाना : गुर्भाकोट- बाङ्गेसिमल सुर्खेत बाबुको नाम : मान बहादुर कामी ससुराको नाम : बिरे कामी बाजे/बुबा : बेलाराम कामी	१६	नाम : प्रतिमा बुढा लिङ्ग : महिला ना.प्र.नं. : ६२-०१-७३-००९६१ जारी मिति र जिल्ला : २०७३/०३/२०, सुर्खेत स्थायी ठेगाना : कुशे गाउँपालिका, जाजरकोट हालको ठेगाना : कुशे गाउँपालिका , जाजरकोट पतिको नाम : मान बहादुर बढा ससुरा : बल बहादुर बुढा बुबा : धन वहादुर बुढा	नाम : मान बहादुर बुढा लिङ्ग : पुरुष ना.प्र.नं. : १००८/१२४ जारी मिति र जिल्ला : २०६७/०९/२०, जाजरकोट स्थायी ठेगाना : कुशे गाउँपालिका, जाजरकोट हालको ठेगाना : कुशे गाउँपालिका, जाजरकोट बाबुको नाम : बल बहादुर बुढा आमाको नाम : बुद्धि बुढा बाजे :
१७	नाम : विष्णु गिरी बुढा लिङ्ग : महिला ना.प्र. न : ६४-०१-७२-०६३०२ जारी मिति र जिल्ला : २०७२/१२/१५, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट नगरपालिका १४ भिमपुर हालको ठेगाना : सम्पर्क थाहा नमएको पतिको नाम : विरेन्द्र बुढा ससुरा : सस बहादुर बुढा बुबा : रेशम गिरी - बाजे : चन्द्र गिरी	नाम : सस बहादुर बुढा लिङ्ग : पुरुष ना.प्र.नं. : ११०६ जारी मिति र जिल्ला : २०४४/११/०३, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट-१३, भिमपुर डाडाँ सुर्खेत हालको ठेगाना : गुर्भाकोट-१३, भिमपुर डाडाँ सुर्खेत बाबुको नाम : देव नारायण गिरी बाजेको नाम : खड्ग वहादुर बुढा	१८	नाम : सुमन गुरुङ्ग लिङ्ग : पुरुष ना.प्र.न : ६४-०१-७८-०४८४५ जारी मिति र जिल्ला : २०७८/०७/२७, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट नगरपालिका १४ अम्बापुर हालको ठेगाना : गुर्भाकोट नगरपालिका १४ अम्बापुर बाबुको नाम : परशुराम गुरुङ्ग बाजेको नाम : बम बहादुर गुरुङ्ग	नाम : अमृता गुरुङ्ग लिङ्ग : महिला ना.प्र.न : ६४३०३७/५५७ जारी मिति र जिल्ला : २०६३/११/०९,, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट नगरपालिका-१४ अम्बापुर हालको ठेगाना : गुर्भाकोट नगरपालिका १४ अम्बापुर बाबुको नाम : भिम बहादुर गाहा ससुरा : बम बहादुर गुरुङ्ग श्रीमान : परशुराम गुरुङ्ग
१९	नाम : पुर्णकला फौजा लिङ्ग : महिला ना.प्र.न : ००४/२१३४ जारी मिति र जिल्ला : २०४४/१२/०३, सुर्खेत	नाम : मन वहादुर सलामी लिङ्ग : पुरुष ना.प्र.नं. : ४३१/१२५८ जारी मिति र जिल्ला : २०४४/१०/२७, सुर्खेत	२०	नाम : लिलाराम सुनार लिङ्ग : पुरुष ना.प्र.नं. : ३५७२७ जारी मिति र जिल्ला : २०५६/०३/१७, सुर्खेत	नाम : बालकुमारी प्युठानी (सुनार) लिङ्ग : महिला ना.प्र.नं. : ६४-०१-७३-०७६०३ जारी मिति र जिल्ला : २०७३/१२/२०, सुर्खेत

काँक्रेविहार राष्ट्रिय दैनिक

विविध

शनिवार, ९ जेठ, २०८३
Saturday, 23 May 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

क्र.सं.	ऋणीको विवरण:	व्यक्तिगत जमानी कर्ता:	क्र.सं.	ऋणीको विवरण:	व्यक्तिगत जमानी कर्ता:
	स्थायी ठेगाना : गुर्भाकोट नगरपालिका-१३ मोतिपुर हालको ठेगाना : गुर्भाकोट नगरपालिका-१३ मोतिपुर बाबुको नाम : कुल बहादुर फौजा श्रीमानको नाम : मन बहादुर सलामी ससुराको नाम : दिला बहादुर घर्ति	स्थायी ठेगाना : गुर्भाकोट नगरपालिका-१३ मोतिपुर हालको ठेगाना : गुर्भाकोट नगरपालिका-१३ मोतिपुर बाबुको नाम : खड्क बहादुर सलामी बाजेको नाम : रगविर सलामी		स्थायी ठेगाना : भेरीगंगा नगरपालिका ११ साधिखोला हालको ठेगाना : भेरीगंगा नगरपालिका ११ साधिखोल बाबुको नाम : ससिराम सुनार बाजेको नाम : दलजित	स्थायी ठेगाना : भेरीगंगा नगरपालिका ११ साधिखोल हालको ठेगाना : भेरीगंगा नगरपालिका ११ साधिखोल श्रीमानको नाम : लिलारा सुनार ससुराको नाम : ससिराम सुनार
२१	नाम : खगेन्द्र बहादुर सुनार लिङ्ग : पुरुष ना.प्र.नं. : १८८७२ जारी मिति र जिल्ला : २०६३/११/०६, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट-१३ खजीटोल ,सुर्खेत हालको ठेगाना : गुर्भाकोट-१३ खजीटोल ,सुर्खेत बाबुको नाम : गुमानसिंह सुनार बाजेको नाम : बिरसिंह सुनार	नाम : यामकला सुनार लिङ्ग : महिला ना.प्र.नं. : ६४-०१-७६-०५७६५ जारी मिति र जिल्ला : २०६७/०९/०१, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट-१३ खजीटोल, सुर्खेत हालको ठेगाना : गुर्भाकोट-१३ खजीटोल, सुर्खेत श्रीमानको नाम : खगेन्द्र बहादुर सुनार ससुराको नाम : गुमानसिंह सुनार	२२	नाम : देव बहादुर राना लिङ्ग : पुरुष ना.प्र.नं. : ९५४/१५०५ जारी मिति र जिल्ला : २०४४/११/०२, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट १४ भिमपुरडाँडा, सुर्खेत हालको ठेगाना : गुर्भाकोट १४ भिमपुरडाँडा, सुर्खेत बाबुको नाम : धर्मजित बाजेको नाम : अन्तबिर	नाम : हिक्मत राना लिङ्ग : पुरुष ना.प्र.नं. : ६४३०३७/५६२ जारी मिति र जिल्ला : २०६३/११/०९, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट-१४ भिमपुरडाँडा, सुर्खेत हालको ठेगाना : गुर्भाकोट-१४ भिमपुरडाँडा, सुर्खेत बाबुको नाम : देव बहादुर राना बाजेको नाम : धर्मजित
२३	नाम : प्रेम बहादुर बुढा लिङ्ग : पुरुष ना.प्र.नं. : १२९५२ जारी मिति र जिल्ला : २०४५/११/०९, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट-१० भेडावारी सुर्खेत हालको ठेगाना : गुर्भाकोट-१० भेडावारी सुर्खेत बाबुको नाम : टोप बहादुर वुढा बाजेको नाम : कालि बादु बुढा	नाम : इन्द्रकली वुढा लिङ्ग : महिला ना.प्र.नं. : ३७२/१५४७० जारी मिति र जिल्ला : २०४४/०१/२०, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट-१० भेडावारी, सुर्खेत हालको ठेगाना : गुर्भाकोट-१० भेडावारी, सुर्खेत श्रीमानको नाम : प्रेम बहादुर वुढा ससुराको नाम : टोप बहादुर वुढा	२४	नाम : इन्द्रा कुमारी घर्ति मगर लिङ्ग : महिला ना.प्र.नं. : ३१५०७/८९३ जारी मिति र जिल्ला : २०५४/१२/२७, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट-०८ मेहलकुना दहचौर सुर्खेत हालको ठेगाना : गुर्भाकोट-०८ मेहलकुना दहचौर सुर्खेत श्रीमानको नाम : दल बहादुर घर्ति मगर ससुराको नाम : बल बहादुर घर्ति मगर	नाम : दल बहादुर घर्ति मगर लिङ्ग : पुरुष ना.प्र.नं. : ६४२४६३२ जारी मिति र जिल्ला : २०५२/०७/२६, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट ०८ मेहलकुना दहचौर सुर्खेत हालको ठेगाना : गुर्भाकोट ०८ मेहलकुना दहचौर सुर्खेत बाबुको नाम : बल बहादुर घर्ति मगर ससुराको नाम : नर बहादुर घर्तिमगर
२५	नाम : देउमाया गोतामे लिङ्ग : महिला ना.प्र.नं. : ६४३०३७/६९१ जारी मिति र जिल्ला : २०६३/११/१०, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट नगरपालिका-१४ कृष्णनगर, सुर्खेत हालको ठेगाना : गुर्भाकोट नगरपालिका-१४ कृष्णनगर, सुर्खेत श्रीमानको नाम : भुपेन्द्र गोतम ससुराको नाम : टेक बहादुर टोमटा	नाम : इन्दिरा गोतामे लिङ्ग : महिला ना.प्र.नं. : ६४३०३७/६४३ जारी मिति र जिल्ला : २०६३/११/०९, सुर्खेत स्थायी ठेगाना : गुमी ५ कृष्णनगर हालको ठेगाना : गुर्भाकोट न.पा.-१४ कृष्णनगर, सुर्खेत बाबुको नाम : टेक बहादुर गोतामे ससुराको नाम : नर बहादुर गोतामे	२६	नाम : चित्रमाया राना लिङ्ग : महिला ना.प्र.नं. : ६४-१०-६९-०२१२२ जारी मिति र जिल्ला : २०६९/०९/०९, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट न.पा.-१३ भक्तपुर, सुर्खेत हालको ठेगाना : गुर्भाकोट न.पा.-१३ भक्तपुर सुर्खेत श्रीमानको नाम : प्रेम बहादुर राना ससुराको नाम : मन बहादुर राना	नाम : प्रेम बहादुर राना लिङ्ग : पुरुष ना.प्र.नं. : ६६०४७/७०० जारी मिति र जिल्ला : २०६०/११/२७, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट न.पा.-१३ भक्तपुर, सुर्खेत हालको ठेगाना : गुर्भाकोट न.पा.-१३ भक्तपुर, सुर्खेत बाबुको नाम : मन बहादुर राना ससुराको नाम : नर बहादुर राना
२७	नाम : गिता बुढामगर लिङ्ग : महिला ना.प्र.नं. : ५७८००५७२ जारी मिति र जिल्ला : २०५६/०२/१८, ... स्थायी ठेगाना : गुर्भाकोट नगरपालिका-१३ भक्तपुर, सुर्खेत हालको ठेगाना : नेपालगंज धम्बाजी चोक श्रीमानको नाम : धन बहादुर पुन ससुराको नाम : टोप बहादुर पुन	नाम : विष्णु श्रीस लिङ्ग : पुरुष ना.प्र.नं. : ४३७०९/५६९ जारी मिति र जिल्ला : २०५८/०४/२१, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट न.पा.-१३ सेराघाट, सुर्खेत हालको ठेगाना : गुर्भाकोट न.पा.-१३ सेराघाट, सुर्खेत बाबुको नाम : शेर बहादुर श्रीस बाजेको नाम : पदम बहादुर श्रीस	२८	नाम : सितली वली लिङ्ग : महिला ना.प्र.नं. : १/१०२६ जारी मिति : २०४४/११/१७ र जिल्ला : सुर्खेत स्थायी ठेगाना : भेरीगंगा-१२ गणेश टोल तल्लो पुल हालको ठेगाना : दाङ, घोराई श्रीमानको नाम : धनबहादुर डाङ्गी ससुराको नाम : तेज बहादुर डाङ्गी	नाम : यम कुमारी वली लिङ्ग : महिला ना.प्र.नं. : ६४१०२१/९५७१४ जारी मिति र जिल्ला : २०६७/१/०७, सुर्खेत स्थायी ठेगाना : भेरीगंगा-१२ गणेश टोल तल्लो पुल हालको ठेगाना : भेरीगंगा १२ गणेश टोल तल्लो पुल श्रीमान : टेक बहादुर वली ससुराको नाम : भिम बहादुर वली
२९	नाम : माया देवि वुढाक्षेत्री लिङ्ग : महिला ना.प्र.नं. : ७६११७ जारी मिति र जिल्ला : २०६२/११/०९, सुर्खेत स्थायी ठेगाना : भेरीगंगा-१० देउतीटोल हालको ठेगाना : भेरीगंगा-१० देउतीटोल श्रीमानको नाम : शेर बहादुर वुढाक्षेत्री ससुराको नाम : गोपाल वुढाक्षेत्री	नाम : शेर बहादुर वुढाक्षेत्री लिङ्ग : पुरुष ना.प्र.नं. : ३३७५२/३३९ जारी मिति र जिल्ला : २०५५/०८/१८, सुर्खेत स्थायी ठेगाना : भेरीगंगा १० देउतीटोल हालको ठेगाना : भेरीगंगा १० देउतीटोल बाबुको नाम : गोपाल वुढाक्षेत्री बाजेको नाम : हिरामणी वुढाक्षेत्री	३०	नाम : कविता सुनार लिङ्ग : महिला ना.प्र.नं. : ६४-०१-७४-००२३३ जारी मिति र जिल्ला : २०७४/०१/१४, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट ११ पिप्ले हालको ठेगाना : गुर्भाकोट ११ पिप्ल श्रीमानको नाम : सोम राज सुनार ससुराको नाम : अजुर्न सुनार	नाम : सोम राज सुनार लिङ्ग : पुरुष ना.प्र.नं. : ६४१०४४/११३११५ जारी मिति र जिल्ला : २०६९/०२/१९, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट ११ पिप्ल हालको ठेगाना : गुर्भाकोट ११ पिप्ल बाबुको नाम : अजुर्न सुनार बाजेको नाम : जय बहादुर सुनार
३१	नाम : रुपा विश्वकर्मा लिङ्ग : महिला ना.प्र.नं. : ६४३०४६/२४ जारी मिति र जिल्ला : २०६३/११/०८, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट १२ ज्यामीरे हालको ठेगाना : कोहलपुर श्रीमानको नाम : गगनसिह एल .जी. ससुराको नाम : हिरासिंह सुनार	नाम : गगनसिह एल .जी लिङ्ग : पुरुष ना.प्र.नं. : २६०७८/२१६३ जारी मिति र जिल्ला : २०५२/१२/१३, सुर्खेत स्थायी ठेगाना : गुर्भाकोट १२ ज्यामीर हालको ठेगाना : कोहलपुर बाबुको नाम : हिरासिंह सुनार बाजेको नाम : नन्दराम सुनार	३२	नाम : मिना बाकामगर लिङ्ग : महिला ना.प्र न : ६४२६८ जारी मिति : २०६०/०८/०१ र जिल्ला : सुर्खेत स्थायी ठेगाना : भेरीगंगा १२ छिन्चु बजार हालको ठेगाना : काठमाडौ श्रीमानको नाम : घनश्याम के. सी ससुराको नाम : मान बहादुर खत्री	नाम : पतिराम बाका मगर लिङ्ग : पुरुष ना.प्र.नं. : १८७४५/०६७६ जारी मिति र जिल्ला : २०४०/०८/१८, सुर्खेत स्थायी ठेगाना : भेरीगंगा १२ छिन्चु बजार हालको ठेगाना : भेरीगंगा १२ छिन्चु बजार बाबुको नाम : खड्क बहादुर बाकामगर बाजेको नाम : मोतीराम बाकामगर
३३	नाम : पुष्पा डाङ्गी लिङ्ग : महिला ना.प्र.नं. : ६४३०२६/१४१ जारी मिति र जिल्ला : २०६३/१०२०४, सुर्खेत स्थायी ठेगाना : भेरीगंगा १२ छिन्चु बजार हालको ठेगाना : नेपालगंज बाबुको नाम : भुम प्रसाद डाङ्गी बाजेको नाम : जसविर डाङ्गी	नाम : भुम प्रसाद डाङ्गी लिङ्ग : पुरुष ना.प्र.नं. : १९७५/२२७ जारी मिति र जिल्ला : २०३७/०६/२५, सुर्खेत स्थायी ठेगाना : भेरीगंगा-१२ देउती टोल छिन्चु बजार हालको ठेगाना : भेरीगंगाह१२ देउती टोल छिन्चु बजार बाबुको नाम : जसविर डाङ्गी बाजेको नाम : दल बहादुर	३४	नाम : पम्फा कुमारी विष्ट लिङ्ग : महिला ना.प्र.नं. : ६४३०५१/१३१ जारी मिति र जिल्ला : २०६३/१०/०४, सुर्खेत स्थायी ठेगाना : भेरीगंगा १२ छिन्चु बजार हालको ठेगाना : पोखरा श्रीमानको नाम : बालकृष्ण विष्ट ससुराको नाम : टोपबहादुर वुढा	नाम : बालकृष्ण विष्ट लिङ्ग : पुरुष ना.प्र.नं. : ४७१ जारी मिति र जिल्ला : २०२७/११/०८, सुर्खेत स्थायी ठेगाना : भेरीगंगा-१२ छिन्चु बजार हालको ठेगाना : पोखरा बाबुको नाम : टोपबहादुर वुढा बाजेको नाम : लोक बहादुर विष्ट

फोन नं.०८३-५९०५०० मो.नं.. ९८५८०३३३६५ वेबसाइट : www.gblbs.com.np
साविकको नेपाल ग्रामीण विकास बैंक लि.



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)